# सुदूरपश्चिम विश्वविद्यालय

## केन्द्रीय कार्यालय
## महेन्द्रनगर, कञ्चनपुर

प.सं. २०७७/०७८
च.नं.

मितिः २०७७।०९।१५

## अध्ययन विदाको पूर्व स्वीकृतिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

सुदूरपश्चिम विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम ३० बमोजिमको अध्ययन विदाका लागि पुर्व स्वीकृति लिनु पर्ने प्रावधान रहेकोमा सुदूरपश्चिम विश्वविद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरूको वृत्ति विकासका साथै अध्ययन तथा स्वाध्ययन सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्ने प्रयोजनका लागि आगामी ६ महिनामा भित्र अध्ययन विदा जान योग्य ईच्छुक कार्यरत शिक्षक कर्मचारीहरूले कार्यरत कार्यालय/क्याम्पस/विभागमा अध्ययन विदाको पूर्व स्वीकृतिका लागि सुदूरपश्चिम विश्वविद्यालय अध्ययन तथा स्वाध्ययन विदा सम्बन्धी कार्यविधि २०७७ को बुँदा नं. ५ (क) बमोजिम सूचना प्रकाशित मितिले १५ दिन भित्र तोकिएको ढाँचामा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सम्बन्धित कार्यालय/क्याम्पस/विभाग प्रमुखले निवेदन पेश गर्ने म्याद समाप्त भएको मितिले ७ दिन भित्र शिक्षकका हकमा सम्बन्धित डीन कार्यालय र कर्मचारीका हकमा रजिष्ट्रार कार्यालयमा प्राप्त निवेदनहरूका साथै तोकिएको ढाँचामा सिफारिस सहित पेश गर्न हुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

..............................

(डा. गोविन्द सिंह विष्ट)
रजिष्ट्रार